सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

# फैसला

०७२-RC-००५६

विषयः- कर्तव्य ज्यान।

महेशी माझीको जाहेरीले नेपाल सरकार-----------------------------१ वादी

विरुद्ध

जिल्ला रौतहट, गा.वि.स. वगही वडा नं. ६ घर भई कारागार कार्यालय रौतहटमा थुनामा बस्ने प्रभु माझी-----------------------------------------------१ प्रतिवादी

शुरु तहमा फैसला गर्नेः- माननीय जिल्ला न्यायाधीश श्री गुणराज ढुङ्गेल
रौतहट जिल्ला अदालत

पुनरावेदन तहमा फैसल गर्नेः- माननीय न्यायाधीश श्री हरिकुमार पोखरेल
माननीय न्यायाधीश श्री विनोद प्रसाद शर्मा
पुनरावेदन अदालत हेटौंडा

न्याय प्रशासन ऐन २०४८ को दफा १० बमोजिम पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।२४ को फैसला उपर साधकको रोहमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ।

जिल्ला रौतहट, गा.वि.स. वगही वडा नं. ८ अन्तर्गत वीरेन्द्र चौधरीको पोखरीको उत्तर तर्फको डिलमा उत्तर टाउको दक्षिण दुवै गोडा सिधा रही दुवै हात बगलमा भई उत्तानो अवस्थामा मृतक लाश रहेको, सो मृतक लाश रहेको स्थानदेखि १२ फिट दक्षिणको दुरीमा पोखरीको अं. ४ फिट गहिराई भाग पानीमा वर्ष ५ की निज सिमाकुमारी माझीको मृतक लाश फेला परेकोमा उक्त लाश स्थानीय व्यक्तिहरुले पोखरीबाट निकाली सुरक्षित साथ पोखरीको डिलमा राखेको, नाकबाट

रगत जस्तो तरल पदार्थ निस्केको, बायाँ गालामा अं. ३ इन्च गोलाईको सेतो रातो छाला खुईलिएको जस्तो डाम र दायाँ गालामा अं. २५ इन्च गोलाई भएको निलो डाम देखिएको र योनी अस्वाभाविक रुपले सुन्निएको जस्तो देखिएको एवं मृतकको शरीरको सम्पूर्ण अंग जिउमा माटो लागेको ठीक साँचो हो भन्ने समेत व्यहोराको घटनास्थल लाशजाँच प्रकृति मुचुल्का।

मिति २०६८।११।२५ गते हिन्दुहरुको चाड होलीको दिन अं. १५.०० बजेको समयमा मेरा ससुरालाई खानपिन गर्नको लागि बोलाउन भनी म जाहेरवालाको छोरी गएकोमा बेलुकासम्म पनि छोरी घर फर्की नआएकोले तत्काल गाउँ टोल तथा ससुराली घरमा समेत खोजतलास गर्दा कहिँ कतै फेला पर्न नसकेकोले सो कुरा आफन्त तथा समाजका मानिसहरुलाई बताई निरन्तर रुपले खोजतलास गरिरहने क्रममा मिति २०६८।११।२८ गते अं. १२.०० बजेको समयमा पोखरीको पानीमा निज छोरीको कर्तव्यबाट हत्या गरी वारदातलाई ढाकछोप गर्ने उद्देश्यले मृतक लाश फालेका जस्तो शंकास्पद अवस्थामा फेला परेपछि सो वारदातको बारेमा प्रहरीलाई जानकारी गराएको हुँ । निज छोरीको मृत्यु के कसरी भएको हो भन्ने सम्बन्धमा पत्ता लगाउने कार्य गरी नै रहेकोमा सोही मितिबाट गाउँ घर छाडी भागी फरार रहेको प्रतिवादी प्रभु माझीलाई मिति २०६८।११।३० गतेका दिन गाउँ समाजका व्यक्तिहरुले फेला पारी सोधपुछ गर्दा व्यक्तिगत रीसइवीको कारणले निजले नै मेरो छोरी सिमा कुमारी माझीलाई मिति २०६८।११।२५ गते होलीको दिन मेरो ससुराली घरतर्फ गएकी अवस्थामा ललाई फकाई पोखरीको डिलमा बोलाई लगी कुटपीट गरी घाँटी थिची कर्तव्य गरी मारी वारदातलाई दबाउने नियतले पोखरीको पानीमा लाश फाली दिएको भनी बताई स्वीकार गरेको हुँदा निज प्रतिवादी स्थानीय व्यक्तिहरुको निगरानीमा रहेकोले प्रस्तुत जाहेरी दरखास्त पेश गरेको छु । निज प्रतिवादीलाई पक्राउ गरी थप अनुसन्धान गरी कारवाही गरीपाउँ भन्ने समेत व्यहोराको महेशी माझीको २०६८।१२।१ गतेको जाहेरी दरखास्त।

Contusion over right chick, Laceration over left check, Vegina swollen, Laceration भन्ने परिक्षणबाट देखिएको तथा cause of death Asphyxia (मोतिको माला र रेशमको धागो (डोरी) ले घाँटी च्यापेर मारेको र पछि लाशलाई पोखरीमा फाली दिएको) भन्ने समेत व्यहोराको मृतक सिमाकुमारी माझीको शव परीक्षण प्रतिवेदन।

मिति २०६८।११।२५ गते तराईमा होली पर्व रहेकोले सो दिन विहानैदेखि मासु र रक्सी खाई नशाको सुरमा रहेको थिएँ । बेलुकी अं. १९.०० बजेको समयमा एक्लै आफ्नो घर आँगनमा रहेको अवस्थामा निज सिमाकुमारी माझीलाई एक्लै देखी निजलाई त्यहाँबाट खेत तर्फ रहेको पोखरीको एकान्त डिलमा ललाई फकाई लगी निजले लगाएको कट्टु फुकाली जबरजस्ती करणी गर्नको लागि आफ्नो पाइन्टको चेन खोली ठाडो अवस्थामा रहेको मेरो लिङ्ग निजको

योनीमा पसाउन खोज्दा अप्ठ्यारो मानी छट्पटाउन थालेपछि निजको गालामा ३/४ थप्पड पिटी जबरजस्ती करणी गर्ने प्रयास गरेकोमा मेरो वीर्य स्खलन भएपछि निजको फुकाली राखेको कट्टुले आफ्नो लिङ्ग तथा निजको योनी समेत पुछी सफा गरिसकेपछि निजलाई पछारी लडाई घाँटीमा लगाएको रेशमको धागोमा बुनेको मोतिको माला तथा घाँटी समेत आफ्नो दुई हातले कसी दिंदा मृत्यु भएपछि कसैले मैंले मारेको भन्ने कुराको शंका नगरोस् भनी पोखरीमा फाली उक्त स्थानबाट भागेको हुँ । तत्काल वीर्य सफा गरिसकेपछि कट्टु आफ्नो पाइन्टको खल्तीमा राखेकोमा पोखरीबाट आफ्नो घर फर्की आउँदा खल्तीबाट सो कट्टु निकाली बाटोमा रहेको जिल्ला रौतहट गा.वि.स. वगही वडा नं. ७ अन्तर्गत सुनर साहको बाँसघारी नजिक रहेको परालको थुप्रोमा लुकाई छिपाई राखिदिएको थिएँ भन्ने प्रतिवादी प्रभु माझीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।

जिल्ला रौतहट गा.वि.स. वगही वडा नं. ७ अन्तर्गत सुनर साहको बाँसघारीको उत्तर साइडमा छेउमै परालको थुप्रो भित्र प्रतिवादी प्रभु माझीले दिएको वारदात मिति र समयमा जाहेरवालाको छोरी सिमाकुमारी माझीले लगाएको भनिएको कालो रंगको बच्चाले लगाउने सानो कट्टुमा वीर्य जस्तो पदार्थ लागेको अवस्थामा फेला परेकोले प्रहरीले बरामद गरेको हो र सो कट्टु वारदात मिति र समयमा छोरी सिमाकुमारी माझीले नै लगाएको हो भनी हेरी सनाखत समेत गरें भन्ने समेत व्यहोराको बरामदी तथा जाहेरवाला महेशी माझीले गरेको सनाखत मुचुल्का।

मिति २०६८।११।२५ गते होली पर्वको दिनभर म आफ्नो गाउँ घरमै रमाइलो गरी बसेको थिएँ । साँझ अलि अँध्यारो हुन थालेपछि मलाई दिशा लागेकोले खेत तर्फ गई घर फर्की आउने क्रममा अलिअलि पेट दुखेकोले खेतकै गोरेटो बाटोमा केही बेर बसी आराम गरिरहेकोमा सोही बखत खेत तिर रहेको पोखरीबाट प्रतिवादी प्रभु माझीलाई आउँदै गरेको देखे पनि बोलचाल भएन । सोको केही समयपछि म आफ्नो घर आउँन लाग्दा गाउँ टोलमा जाहेरवालाको घर परिवार तथा ससुराली तर्फका मानिसहरु समेत भई आफ्नो छोरी सिमाकुमारी माझी घरमा नपुगेकीले खोजतलास गरिरहेको देखेकोमा रातिको समयमा निज बच्चिलाई कहिँ कतै फेला पार्न सकिएन । गाउँ टोलका मानिसहरु मध्ये कोहिले मिति २०६८।११।२५ गतेका दिन साँझ तिर सिमाकुमारी माझीलाई प्रभु माझीले आफूसँग हिडाउँदै गरेको अवस्थामा देखेको कुरा गरेकोमा मैंले पनि बेलुका अलि अँध्यारो भएको अवस्थामा प्रभु माझीलाई खेत तर्फको बाटो हुँदै आउँदै गरेको कुरा देखेको भनी बताएको थिएँ । मिति २०६८।११।२८ गतेका दिन पोखरीको पानीमा बच्चाको लाश फेला परेको छ भन्ने हल्लाखल्ला हुँदा म पनि गई हेर्दा पोखरीको किनार नजिक पानीमा जाहेरवालाको छोरी सिमाकुमारी माझीको मृतक लाश रहेको देखी स्थानीय व्यक्तिहरु मिली पानीबाट लाश निकाली पोखरीको डिलमा राखेको र पहिले देखि नै शंका गरेको प्रतिवादी

प्रभु माझीलाई मिति २०६८।११।३० गते फेला पारी सिमाकुमारी माझीको किन हत्या गरेको हो भनी सोधपुछ गर्दा निजको बुबा जाहेरवालासँग बाहिर कमाएको पैसा लेनदेन सम्बन्धमा चित्त नबुझी रीस उठेकोले आफूले नै निजको छोरीलाई कुटपीट गरी घाँटी थिची हत्या गरी पोखरीको पानीमा फाली भागेको थिएँ भनी अपराध स्वीकार गरेको हुँदा सो कुरा गाउँ समाजका सम्पूर्ण व्यक्तिहरुले थाहा पाएका हौं । निजले तत्काल मृतकलाई हत्या गर्नु भन्दा अगाडि जबरजस्ती करणी गरेको कुरा नबताएको भएतापनि पछि प्रहरीद्वारा भएको अनुसन्धानबाट प्रतिवादीले नाबालिका सिमाकुमारी माझीलाई जबरजस्ती करणी गरिसकेपछि हत्या गरेको कुरा पनि खुल्न आएको तथा सो बमोजिम मृतकको शरीरमा कट्टु नरहेको हुँदा जबरजस्ती करणी गर्दाको बखत फुकाएकोमा पछि गाउँकै परालको थुप्रोमा लुकाएको अवस्थामा सो कट्टु पनि बरामद भई मृतकको नै रहेको भनी सनाखत समेत भई सकेको हुँदा यी प्रतिवादी प्रभु माझीले जाहेरवालाको छोरीलाई जबरजस्ती करणी गरी हत्या गरेको ठीक साँचो हो भन्ने समेत व्यहोराको करिब एकै मिलानको बुझिएका मानिसहरु सुमित्रादेवी माझी, शम्भु माझी र वस्तुस्थिति मुचुल्काका मानिसहरु जोखन महतो, शिवनारायण चौधरी र महेन्द्र साहले गरिदिएको कागज।

मिसिल संलग्न प्रमाणहरुबाट मिति २०६८।११।२५ गते अं. दिनको १९.०० बजेको समयमा यी प्रतिवादी प्रभु माझीले सिमाकुमारी माझीलाई जबरजस्ती करणी गरी कुटपीट गरी घाँटी थिची कर्तव्य गरी हत्या गरेको वारदात स्थापित हुन आएकाले निज प्रतिवादी प्रभु माझीलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ र १३(३) नं. को कसूरमा सोही महलको १३(३) नं. बमोजिम र कर्तव्य गरी मार्नु पूर्व मृतकलाई जबरजस्ती करणी गरेको वारदातमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ नं. को देहाय (१) को कसूरमा सोही महलको ३ नं. को देहाय (१) बमोजिम सजाय गरी ऐ. को १० नं. बमोजिम क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको अभियोगपत्र।

मृतक सिमाको बुबाले मेरो आमालाई १० वर्ष अगाडि भारतको पन्जाव लगी बेचेको हुँदा सोही रीसइवीले निजको छोरीलाई उखुले घाँटीमा हिर्काई मारेको हुँ । करणी गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी प्रभु माझीले शुरु अदालतमा गरेको बयान।

प्रतिवादीले जबरजस्ती करणी गरेको अस्वीकार गर्दै मृतकको बुबाले आफ्नी आमालाई पन्जावमा लगी बेचेको कारण सोही रीसइवीले निजको छोरीलाई मारेको हुँ भनी यस अदालतमा साबित रही बयान गरेको र निजले मृतकलाई मार्नु पूर्व जबरजस्ती करणी गरेको भन्ने कुराको पुष्टयाई वादी पक्षले पेश गर्न सकेको नहुँदा यी प्रतिवादी प्रभु माझीलाई अभियोगदावी बमोजिम मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर्छ । जबरजस्ती करणीको अभियोगदावी पुग्न सक्दैन । साथै वारदातको प्रकृति र प्रतिवादीको

मानसिक अवस्था तथा निजको साबित बयान समेतलाई विचार गर्दा निजलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने देखिंदा निजलाई १० वर्ष मात्र कैद हुन अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरिएको छ भन्ने समेत व्यहोराको शुरु रौतहट जिल्ला अदालतबाट मिति २०६९।९।२३ मा भएको फैसला।

प्रतिवादीलाई अभियोगदावी बमोजिम ज्यान सम्बन्धी महलको १३(३) नं. अनुसारको कसूर ठहर भएको देखिंदा मुल वारदातका विषयमा विवाद छैन । जिल्ला रौतहट गा.वि.स. वगही वडा नं. ७ अन्तर्गत सुनर साहको बाँसघारीको उत्तर साइडमा परालको थुप्रो भित्र मृतक सिमाकुमारी माझीले लगाएको कालो रङ्गको कट्टु प्रतिवादीले देखाएपछि सो कट्टुलाई हेर्दा वीर्य जस्तो पदार्थ लागेको अवस्थामा फेला परेको बरामदी तथा खानतलासी मुचुल्काबाट देखिएको र सो कट्टु मृतक सिमाकुमारी कै हो भन्ने शंभु माझीले सनाखत गरेको देखिन्छ । निजको सो सनाखत कागज प्रमाण योग्य रहेको र योनी सुख्खा रही अस्वाभाविक रुपले सुन्निएको भन्ने देखिएबाट मृतक उपर जबरजस्ती करणी गरी सोही कारण कर्तव्य गरी मारेको भन्ने देखिएबाट जबरजस्ती करणीको वारदात पुष्टि भएको छ । Vegina swollen, laceration र मोतिको माला र रेशमको धागो (डोरी) ले घाँटी च्यापेर मारेको र पछि लाशलाई पोखरीमा फाली दिएको भन्ने समेत व्यहोराको मृतक सिमाकुमारीको पोष्टमार्टम रिपोर्ट समेतबाट जबरजस्ती करणी गरेको वारदात पुष्टि भैरहेको देखिंदा सो समेत आधार प्रमाणहरुलाई गौण गरी प्रतिवादीको बयानलाई मात्र आधार लिई प्रतिवादीलाई शुरु अदालतबाट जबरजस्ती करणीको अभियोगदावीबाट सफाई दिएको सो हदसम्मको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोगदावी बमोजिम सजाय गरीपाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदनपत्र।

प्रस्तुत मुद्दाको घटना वारदात मैले गरेको भनिएको कुरा कसैले देखेको छैन, गरेको होला, हुन सक्छ भन्ने शंका उपशंका गरी म उपर अभियोग लगाइएको छ । म प्रहरी हिरासतमा रहेको अवस्थामा मेरा उपर कागजहरु गरी बनाई पछिबाट मलाई दस्तखत गराई प्रमाणित गराउने गरिएको हो । मेरो रोहवरमा कसैले पनि कुनै कागज गरेको छैन । जाहेरवालाले प्रहरी हिरासतमा मलाई भेटी तिमिले आरोप स्वीकार नगरे तिम्रो स-परिवारलाई सखाप गराई दिन्छु, तिम्रो आमालाई बेपत्ता पारी दिए, अब भाई बहिनीलाई पनि सिध्याउछु भनी आफूले पनि भन्ने गरेको र गाउँका आफ्ना मानिसद्वारा भन्न लगाउने गर्थे । विपक्षी जाहेरवालाको डरको कारण रौतहट जिल्ला अदालतमा भएको साबिति बयानको आधारमा मलाई हराई फैसला भएकोले मेरो उपर अन्याय परेको छ । कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको मुद्दामा चश्मदिदको अभाव र शंकैशंकाको आधारमा अनुसन्धान अधिकारीहरुले पनि जाहेरवालाकै भनाईलाई मात्र आधार बनाई अनुसन्धान गरेको, लाश सदगदको कागज, घटनास्थल प्रकृति मुचुल्का लगायत कुनै कागजातमा

मेरो नाम नभई पछिबाट योजना बनाई मेरो विरुद्धमा दिएको अतिरंजित जाहेरीको आधारमा भएको फैसलाबाट न्याय नपरेकोले इन्साफ पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी प्रभु माझीको पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदनपत्र।

प्रतिवादीले वारदातको बारेमा सविस्तार गरेको भनाई व्यहोरा बमोजिम निजले भनेको स्थानबाट मृतकको कट्टु बरामद भएको देखिन्छ । सो कट्टुमा वीर्य जस्तो दाग लागेको भन्ने बरामदी मुचुल्काका तथा मृतकका बाबुले गरेको सनाखत कागजबाट समेत पुष्टि भएको छ । यसको साथै मृतकको शव परीक्षण प्रतिवेदनमा Vegina swollen, laceration उल्लेख भएको छ । लाशजाँच मुचुल्काबाट समेत सो पुष्टि भएको देखिन्छ । यसरी शव परीक्षण र लाशजाँच मुचुल्काले सो तथ्य पुष्टि हुन आएको देखिन्छ । जबरजस्ती करणीको आधारभूत प्रमाण पीडितको मृत्यु भइसकेको अवस्थामा यी प्रमाणहरु आरोपित कसूर प्रमाणित गर्ने प्रयोजनको लागि प्रमाणमा ग्रहण गर्न सकिने नै देखिन्छ। यसरी निज प्रतिवादी प्रभु माझीको अधिकारप्राप्त अधिकारी समक्षको बयान पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीले अभियोगदावी बमोजिम मृतकलाई जबरजस्ती करणी गरी त्यसबाट बच्न निजलाई कर्तव्य गरी मारी लाश पोखरीमा फालिदिएको देखिन आएको छ । करणी गरेको होइन भनी निजले अदालतमा गरेको बयान निजले बस्तुनिष्ठ साक्षी प्रमाण पेश गरी प्रमाणित गराउन सकेको पाईदैन । वारदातको उल्लिखित तथ्यहरु सबुद प्रमाणबाट प्रमाणित भैरहेको यस अवस्थामा निजलाई अभियोगदावी बमोजिम जबरजस्ती करणी गरेको कसूर ठहर गर्नुपर्नेमा जबरजस्ती करणी तर्फ सफाई दिई कर्तव्य गरी ज्यान मारेको ठहर गरेको शुरुको फैसला सो हदसम्म मिलेको देखिन आएन । निजलाई अभियोगदावी बमोजिम जबरजस्ती करणी तर्फ समेत कसूरदार ठहर गरी सजाय गर्नुपर्ने देखिन आयो।

प्रतिवादीले मृतकको कर्तव्य गरी ज्यान मारेका हुन् होइनन् ? भन्ने तर्फ विचार गर्दा, यस मुद्दाका मृतक नाबालिग सिमाकुमारी माझीको मृत्यु भएको तथ्यमा विवाद छैन । घटनास्थल तथा लाश प्रकृति मुचुल्का हेर्दा मृत शरीर पोखरीको डिलमा राखेको, नाकबाट रगत जस्तो तरल पदार्थ निस्केको, बायाँ गालामा अं. २ इन्च गोलाईको सेतो रातो छाला खुईलिएको जस्तो डाम र दायाँ गालामा अं. २५ इन्च गोलाई भएको निलो डाम देखिएको र योनी अस्वाभाविक रुपले सुन्निएको जस्तो देखिएको एवं मृतकको शरीरको सम्पूर्ण अंगमा माटो लागेको देखिएको र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण "Vegina swollen, laceration र मोतिको माला र रेशमको धागो (डोरी) ले घाँटी च्यापेर मारेको र पछि लाशलाई पोखरीमा फालिदिएको" भन्ने उल्लेख भएको देखिंदा मृतकको मृत्यु कर्तव्यबाट भएको भन्नेमा विवाद देखिंदैन । प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भनी अधिकारप्राप्त अधिकारी र अदालतमा समेत साबित रही बयान गरेको देखिन्छ । निजको सो साबिति बयान माथि विवेचित आधार प्रमाणबाट समर्थित भएको छ । यस

अवस्थामा निज उपर मृतक नाबालिग सिमा कुमारीलाई जबरजस्ती करणी गरी निजलाई कर्तव्य गरी मारेको आरोपित कसूर पुष्टि भएकै देखियो । तसर्थ निजलाई आरोपित कसूर ठहर गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ र १३(३) नं. को कसूरमा सोही महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको शुरु फैसला सो हदसम्म मिलेकै देखिंदा सदर हुने ठहर्छ । मलाई शंकाको आधारमा मात्र कसूरदार ठहर गरिएको हो भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

प्रतिवादीको हकमा सजाय कम हुन शुरु अदालतबाट व्यक्त भएको राय उपयुक्त छ छैन ? भन्ने तर्फ विचार गर्दा, यी प्रतिवादी प्रभु माझीलाई अ.बं. १८८ नं. अनुसार १० वर्ष कैद हुने राय व्यक्त गरेको देखिन्छ । प्रतिवादी प्रभु माझीले नाबालिग सिमा कुमारीलाई जबरजस्ती करणी गरी सो कसूरबाट बच्न निजको घाँटी अठ्याई कर्तव्य गरी मारी पोखरीमा डुबेर मरेको भान पार्न निजको लाश पोखरीमा फालिदिएको माथि विवेचना भइसकेको छ । सो सन्दर्भमा विचार गर्दा मुलुकी ऐन, अदालती वन्दोवस्तको १८८ नं. मा *"ऐनले सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो की भन्ने सम्मको शङ्काले वा अपराध गरेको अवस्था विचार गर्दा कसूरदारलाई ऐन बमोजिम सजाय दिंदा चर्को हुने भई घटी सजाय हुनु पर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारण सहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ"* भन्ने उल्लेख भएको पाइन्छ । यस कानूनी व्यवस्थाले वारदात भवितव्य हो कि भन्न हुने सम्मको शङ्काको वा अपराध गरेको अवस्था विचार गर्दा कसूरदारलाई ऐन बमोजिमको सजाय दिंदा चर्को हुने देखेमा यस्तो सजाय घटाउने राय दिन सकिने देखिन्छ । प्रस्तुत मुद्दाका तथ्यहरु हेर्दा प्रतिवादी प्रभु माझीले नाबालिग सिमाकुमारी माझीलाई जबरजस्ती करणी गरी सो अपराधबाट बेच्ने मनसाय राखी निजको घाँटी च्यापी क्रुरतापूर्वक हत्या गरी निजको शवलाई डुबेर मरेको भन्ने भान पार्न पोखरीमा फालिदिएको देखिन्छ । यस वारदातमा प्रतिवादी प्रभु माझीले २ वटा गंभीर अपराध गरेको देखिन्छ । सो कुरालाई निजले अधिकारप्राप्त अधिकारी समक्ष सविस्तार स्वीकार गरी अदालतमा समेत ज्यान मारेकोमा साबित रहेको अवस्था छ । वारदातको यस अवस्था र प्रतिवादीले गरेको कसूरको प्रकृति समेतबाट निज प्रतिवादीलाई अ.बं. १८८ नं. को सुविधा प्रदान गर्नु न्यायसंगत देखिन आएन। अतः माथि विवेचित आधार कारणहरु समेतबाट प्रतिवादी प्रभु माझीलाई कर्तव्य ज्यान तर्फ सर्वस्व सहित जन्म कैद हुने ठहर गरेको शुरु फैसला मिलेकै देखियो .। जबरजस्ती करणी तर्फ सफाई दिएको हदसम्म शुरु फैसला उल्टी भई निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) बमोजिम १२ (बाह) वर्ष कैद र ऐ. १० नं. बमोजिम ३०,०००।– (तीस हजार)

क्षतिपूर्ति समेत मृतकका परिबारलाई भराई दिने ठहर्छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।२४ को फैसला।

पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।२४ को फैसला उपर साधकको रोहमा यस अदालतमा दर्ता हुन आएको देखियो ।

नियम बमोजिम पेशी सूचीमा चढी इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो ।

यसमा पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको छ छैन भनी निर्णय दिनु पर्ने देखिन आयो ।

मृतक वर्ष ५ की सिमा कुमारीको लाश २०६८।११।२८ गते पोखरीको पानीमा फेला परेको छ । मृतकको दायाँ, बायाँ गालामा डामहरु देखिएको र योनी अस्वाभाविक रुपले सुन्निएको समेतको अवस्था लाशजाँच प्रकृति मुचुल्काबाट देखिन्छ । मिति २०६८।११।२५ गते दिउँसो छोरी सिमालाई मेरा ससुरालाई बोलाउन पठाएकोमा साँझ सम्म नआएकी र खोजतलास गर्ने क्रममा ऐ. २८ गते गाउँको पोखरीमा छोरीको लाश फेला परेको हो । सोही मितिबाट गाउँ छाडी फरार रहेका प्रतिवादीलाई सोधपुछ गर्दा मृतक सिमा कुमारीलाई ललाई फकाई पोखरीतर्फ लगी घाँटी थिची मारी पोखरीमा फालिदिएको भनी स्वीकार गरेकोले सजाय गरीपाउँ भन्ने जाहेरी दरखास्त देखिन्छ।

गाला, घाँटी समेतमा घाउचोट भएको, योनी सुन्निएको भन्ने देखिएको र मोतिको माला र रेशमको धागोले घाँटी चापेर मारेको र पछि लाशलाई पोखरीमा फालिदिएको भन्ने शव परीक्षण प्रतिवेदन रहेको देखिन्छ । प्रतिवादी प्रभु माझीले मृतकलाई करणी गर्ने मनसायले पोखरी डिलमा लगी लिङ्ग योनीमा पसाउन प्रयास गरेकोमा मेरो वीर्य स्खलन भएपछि निजकै कट्टुले पुछी निजले लगाएको माला समेतले घाँटी थिची मारी पोखरीमा फालेको हुँ । कट्टु परालको थुप्रोमा लुकाई राखेको थिएँ भनी अधिकार प्राप्त अधिकारी समक्ष बयान गरेको र निजले भनेको स्थानबाट मृतकको कट्टु समेत बरामद भएको देखिएको तथा कट्टुमा वीर्य जस्तो पदार्थ लागेको समेत देखिन्छ । बुझिएका सुमित्रा देवी समेतका व्यक्तिहरुले यिनै प्रतिवादीले मृतकलाई जबरजस्ती करणी गरी ज्यान मारी फालिदिएको भन्ने बुझिएको भनी कागज गरिदिएको देखिन्छ । प्रतिवादीले अदालतमा आई बयान गर्दा समेत मृतकलाई आफूले ज्यान मारेको हो भनी साबित भई जबरजस्ती करणी गरेको होइन् भनी बयान गरेको देखिएकोमा कर्तव्य ज्यानको कसूरदार कायम गरी अ.बं. १८८ नं. बमोजिम राय सहित जिल्ला अदालतले फैसला गरेको र सो उपर पुनरावेदन अदालतले फैसला केही उल्टी गरी जबरजस्ती करणी तर्फ समेत सजाय गर्ने गरी फैसला गरेकोमा साधकको रोहमा यस अदालतमा दायर हुन आएको देखियो ।

प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष मृतकलाई जबरजस्ती करणी गरी वीर्य स्खलित भएपछि मृतकलाई मारी फालेको भनी करणी र ज्यान दुवै वारदातमा साबित रही बयान गरेको देखिएको । तथा अदालतमा आई बयान गर्दा मृतकको ज्यान मात्र मारेको हो भनी करणी तर्फ इन्कार भई बयान गरेको भए तापनि निजको शुरु बयानलाई मृतकको लाशजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनले पुष्टि गरिरहेको तथ्य मृतकको योनी समेत सुन्निएको देखिएबाट स्थापित भएको छ । प्रतिवादीले अनुसन्धानका क्रममा बयान गर्दा मृतकको कट्टुमा वीर्य पुछी परालको थुप्रोमा लुकाएको भनी भनेको तथ्य समेत निजले देखाएको स्थानबाट मृतकको कट्टु बरामद भएको र सो मा वीर्य जस्तो पदार्थ देखिएकोबाट पुष्टि भएको छ । बरामद मृतकको कट्टुलाई जाहेरवालाले सनाखत गरिदिएको समेतका अवस्थाबाट निजले मृतकलाई जबरजस्ती करणी समेत गरी ज्यान मारेको हो भन्ने स्पष्ट पुष्टि भईरहेको देखिन्छ।

प्रतिवादीले पुनरावेदन अदालतमा पुनरावेदन गर्दा जाहेरवाला समेतको डरले अदालतमा साबित भएको भनी भने तापनि स्वतन्त्र रुपमा बयान गर्न पाइने निष्पक्ष अदालतमा कुनै डर धाकको अवस्था रहन्छ भन्ने सामान्य अवस्थामा स्वीकार गर्न सकिने हुँदैन र आफु उपर डर, धाक दवाव रहेको विषेश अवस्था थियो भन्ने कुरा निज प्रतिवादीले देखाउन समेत सकेको छैन। तथा निजले अनुसन्धानको क्रममा कर्तव्य ज्यान र जबरजस्ती करणी समेतको वारदातमा साबित रही गरेको बयानलाई बुझिएका व्यक्तिहरुको कागज, लाश जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त, अदालतमा भएको निजकै बयान समेतबाट स्पष्ट पुष्टि भैरहेको देखिएको हुँदा निज प्रतिवादी प्रभु माझीलाई मुलुकी ऐन ज्यान सम्बन्धीको १३(३) नं. तथा जबरजस्ती करणीको ३(१) बमोजिम सजाय गरी मृतकका परिवारलाई क्षतिपूर्ति समेत भराइदिने गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।२४ को फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ ।

यस सम्बन्धमा हाल प्रचलित कानूनी व्यवस्थाले निर्धारित गरेको सजाय सम्बन्धी प्रावधान अवलम्वन गर्दा प्रतिवादीलाई माथि उल्लेखित सर्वश्व सहित जन्म कैद र जरिवाना समेतको सजाय निर्धारण गरिएको भए तापनि सजाय सम्बन्धमा सर्वश्व सहित जन्म कैद गर्ने हालको कानूनी प्रावधान सम्बन्धमा विचार गर्दा जन्मकैद जस्तो अधिकतम कडा सजाय गरिसके पछि सर्वश्व समेत गरिनुको औचित्य हालको परिवेशमा असान्दर्भिक हुदै गएको पनि देखिन्छ । जन्म कैद भुक्तान गरेर समाजमा स्थापित हुन निस्किएको व्यक्तिलाई समाजमा वसेर अघि बढ्ने अधारको रूपमा रहने उसको सम्पूर्ण सम्पतिबाट बिहिन गरिनु मानवीय दृष्टीले समेत व्यवहारिक मान्न सकिदैन । हालको कानूनी व्यवस्थामा प्रस्तुत मुद्दामा जस्तै अधिकतम सजाय तथा सर्वश्व समेत् गरिएको व्यक्तिले मुलुकी ऐन, दण्ड सजायको २७ नं. बमोजिम सर्वश्वको प्रकृया सुरु नभएको

अवस्थामा पीडित वा निजको परिवारलाई के कसरी कुन स्रोतबाट क्षतिपुर्ती बुझाउने हो सो को तर्क संगत व्यवस्था समेत देखिदैन । अधिकतम कडा सजाय भएपछि सर्वश्व गर्ने प्रावधान तथा सर्वश्व गरिसके पछि प्रतिवादीकै सम्पत्तिबाट क्षतिपूर्ती भराउने सजाय थप सजायको रूपमा रहने प्रावधान हालको अवस्थामा व्यवहारिक नदेखिने भएकोले त्यस तर्फ दृष्टिगत गरी कानूनहरूलाई व्यवहारिक वनाउने तर्फ पहल गर्नु समेत सान्दर्भिक देखिएको सम्बन्धमा कानून मन्त्रालय र कानून सुधार आयोगलाई समेत् ध्यान आकर्षणको लागि यो फैसलाको प्रतिलिपी उपलब्ध गराई भर्पाई मिसिल सामेल राखी सो को जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई दिनु । प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी अभिलेख शाखामा बुझाइ दिनु।

न्यायाधींश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलाश अधिकृत : सुमन कुमार न्यौपाने
कम्प्युटर टाईप गर्ने : चन्दनकुमार मण्डल
इति सम्वत् २०७२ साल चैत्र महिना १२ गते रोज ६ शुभम् .......................